# खिजीदेम्वा गाउँपालिका
# खिजीफलाटे, ओखलढुंगा
# कोशी प्रदेश, नेपाल

## स्थानीय राजपत्र

भागः२ खण्डः६ संख्याः६ मितिः२०८२/०९/०८

**कार्यपालिकाबाट जारी नियमावली निर्देशिका र कार्यविधिहरु नेपालको संविधानको धारा २२६ बमोजिम खिजीदेम्वा गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**खिजीदेम्बा गाउँपालिकाको उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५(पहिलो संशोधन २०८२)**

गाउँ कार्यपालिका बाट स्वीकृत मितिः २०७ / /
प्रमाणीकरण मितिः २०७५-०१-२८
पहिलो संशोधन – २०८२/०९/०७

प्रस्तावना : नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७५ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्र भित्रको विकास निर्माण सम्वन्धि कार्य संचालनको लागि खिजीदेम्बा गाउँपालिकाले उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन गर्न आवश्यक देखिएकोले खिजीदेम्बा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा (४) बमोजिम गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद– १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम खिजीदेम्बा गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः–

(क) "अध्यक्ष" भन्नाले उपभोक्ता समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) "आयोजना" भन्नाले खिजीदेम्बा गाउँपालिका वा सो अन्तरगतको वडावाट पूर्ण वा आंशिक लागत साझेदारीमा सञ्चालित योजना वा कार्यक्रम वा आयोजना वा परियोजनालाई सम्झनु पर्छ। र यसले खिजीदेम्बा गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत भएको गैर सरकारी संघ सस्था, गैर नाफामूलक संस्था वा अन्य सामुदायिक संस्थाको आयोजना समेतलाई जनाउनेछ ।

(ग) "उपभोक्ता" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने आयोजना सञ्चालन हुने क्षेत्र भित्रका व्यक्तिलाई जनाउछ ।

(घ) "उपभोक्ता समिति" भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफूहरू मध्येबाट गठन गरेको समिति सम्झनु पर्दछ ।

(ङ) "कार्यालय" भन्नाले खिजीदेम्बा गाउँपालिका को कार्यालयलाई बुझाउँछ । सो शब्दले वडा कार्यालय समेतलाई बुझाउनेछ ।

(च) "कार्यपालिका" भन्नाले गाऊँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(छ) "ठूला मेशिनरी तथा उपकरण" भन्नाले वातावरणलाई अत्यधिक ह्रास पुर्याउने प्रकृतिका ठूला मेशिनरी, उपकरण बुलडोजर, एक्साभेटर जस्ता) र श्रममूलक प्रविधिलाई विस्थापित गर्ने खालका मेशिनरी तथा उपकरण सम्झनु पर्दछ ।

(ज) "पदाधिकारी" भन्नाले उपभोक्ता समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

(झ) "वडा" भन्नाले खिजीदेम्बा गाउँपालिका भित्रका वडालाई सम्झनु पर्दछ ।

(ञ) "वडा अध्यक्ष" भन्नाले आयोजना सञ्चालन भएको वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(ट) "सदस्य" भन्नाले उपभोक्ता समितिका सदस्यलाई जनाउनेछ र सो शब्दले उपभोक्ता समितिका पदाधिकारीलाई समेत जनाउनेछ।

(ठ) “सम्झौता” भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि कार्यालय र उपभोक्ता समितिबीच भएको लिखित करारनामा वा कबुलियतनामालाई जनाउनेछ ।

**३. कार्यविधिको पालना गर्नुपर्नेः** (१) खिजीदेम्बा गाउँपालिका भित्र कार्यान्वयन हुने आयोजनाको निर्माण, सञ्चालन, मर्मत सम्भार कार्य गर्नको लागि गठन हुने उपभोक्ता समितिले पूर्णरुपमा यो कार्यविधिको पालना गर्नु पर्नेछ ।

(२) कुल लागत रु १ करोडसम्म भएको तथा स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिनेछ ।

## परिच्छेद–२

## उपभोक्ता समितिको गठन र सञ्चालन

**४. उपभोक्ता समिति गठन सम्बन्धी व्यवस्थाः** (१) उपभोक्ता समिति गठन देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजना स्थलमा नै सात देखि एघार (७ देखि ११ जना) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ ।

(ख) समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको बिषय त्यस्तो भेला हुने मितिले कम्तिमा सात दिन (७ दिन) अगावै सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ ।

(ग) गाउँपालिका स्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समितिको गठन गर्दा कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

(घ) वडास्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समिति गठन गर्दा सम्वन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

(ङ) उपभोक्ता समिति गठनको लागि बोलाईएको भेलामा योजनाको संक्षिप्त विवरण र समितिको संरचना सहितको जानकारी कार्यालयको प्रतिनिधिले गराउनु पर्नेछ ।

(च) उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्ने छ । समितिमा कम्तिमा तेत्तीस प्रतिशत (३३ %) महिला

सदस्य हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ ।

(छ)* एक व्यक्ति एकै समयमा एकभन्दा बढी उपभोक्ता समितिको मूख्य पद अध्यक्ष, कोषाध्यक्ष र सचिव हुन पाउने छैन। साथै सगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन ।

(ज) उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समितिको गठन गरिने छ ।

---

* पहिलो संशोधनद्वारा संशोधित

(झ) उपभोक्ताहरुको लागत सहभागितामा सञ्चालन हुने आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गर्न प्राथमिकता दिईनेछ ।

(ञ) उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नु पर्ने काम समिति आफैंले गर्नु गराउनु पर्नेछ । अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा सस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन ।

(ट) कार्यालयले आयोजना सञ्चालन एवम् कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नु पर्नेछ ।

**५. उपभोक्ता समितिका सदस्यको योग्यताः** (१) उपभोक्ता समितिका सदस्यको योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।

(क) सम्वन्धित आयोजना क्षेत्रको स्थायी वासिन्दा

(ख) १८ वर्ष उमेर पुरा भएको

(ग) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको

(घ) सरकारी बाँकी बक्यौता वा पेश्की फछ्र्यौट गर्न बाँकी नरहेको

(ङ) अन्य उपभोक्ता समितिमा सदस्यनरहेको

(२) दफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी र शिक्षक उपभोक्ता समितिको सदस्यमा बस्न पाईने छैन ।

**६. उपभोक्ता समितिको काम, कर्तब्य र अधिकारः** उपभोक्ता समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने,

(ख) उपभोक्ताहरुलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने,

(ग) सम्झौता बमोजिम कार्य शुरु गर्दा कार्यालयबाट आवश्यक निर्देशन प्राप्त गर्नु पर्ने भए प्राप्त गरेर मात्र शुरु गर्ने,

(घ) उपभोक्ता समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरुको कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने,

(ङ) उपभोक्ता समितिका सदस्यहरुको क्षमता विकास गर्ने ।

(च) सम्झौता बमोजिमको कामको परिमाण, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नु पर्ने देखिएमा कार्यालयलाई अनुरोध गर्ने,

(छ) आयोजनाको दिगो व्यवस्थापन सम्बन्धी आवश्यक अन्य कार्य गर्ने ।

## परिच्छेद — ३

## कार्यान्वयन तथा व्यवस्थापन

**७. आयोजना कार्यान्वयनः** (१) कार्यालयले आ.व. शुरु भएको १५ दिन भित्र उपभोक्ता समितिबाट संचालन हुने आयोजना, परियोजना र कार्यक्रमहरु पहिचानरछनौट गरी कार्यान्वयन योजना बनाउनु पर्नेछ । उपभोक्ता समिति गठन पश्चात आयोजनाको ड्रईङ, डिजाईन र लागत अनुमान (नेपाली भाषामा तयार गरिएको) स्वीकृत गरी उपभोक्ता समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) आयोजनाको कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यलयबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

(३) आयोजनाको प्रकृति हेरी कार्यालयले लागत सहभागिताको ढाँचा र अनुपात (नगद वा श्रमदान वा बस्तुगत) तोक्नु पर्नेछ ।

**८. आयोजना सम्झौताको लागि आवश्यक कागजातहरुः** (१) उपभोक्ता समितिले कार्यालयसँग सम्झौता गर्दा तपशिलमा उल्लिखित कागजातहरु पेश गर्नुपर्नेछ

(क) उपभोक्ता समिति गठन गर्ने आम भेलाको निर्णयको प्रतिलिपि

(ख) उपभोक्ता समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि

(ग) आयोजनाको लागत अनुमान विवरण

(घ) उपभोक्ता समितिबाट सम्झौताको लागि जिम्मेवारपदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय

(ङ) आयोजनाको कार्यान्वयनको कार्य तालिका ।

(च) खाता सञ्चालन गर्ने पदाधिकारी तोकिएको निर्णय र खाता सञ्चालनको लागि आवश्यक कागजातहरु

**९. उपभोक्ता समितिको क्षमता विकासः** (१) कार्यालयले आयोजनाको कार्यान्वयन अगावै उपभोक्ता समितिका पदाधिकारीहरुलाई निम्न विषयमा अभिमुखिकरण गर्नु पर्नेछ

(क) उपभोक्ता समितिको काम, कर्तब्य र अधिकार,

(ख) सम्पादन गर्नु पर्ने कामको विवरण, काम सम्पन्न गर्नुपर्ने अवधि, लागत र उपभोक्ताको योगदान

(ग) निर्माण सामाग्रीको गुणस्तर र परिमाण

(घ) खरिद, रकम निकासा प्रकृया, खर्चको लेखाकंन र अभिलेख व्यवस्थापन

(ङ) कार्यान्वयन र अनुगमन प्रकृया

(च) सार्वजनिक परीक्षण, योजनाको फरफारक र हस्तान्तरण

(छ) अन्य आवश्यक विषयहरु ।

**१०. खाता सञ्चालनः** (१) उपभोक्ता समितिको खाता कार्यालयले तोकेको बैंकमा सञ्चालन हुनेछ ।

(२) समितिको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिव गरी तीन जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता सञ्चालकहरु मध्ये कम्तिमा एकजना महिला हुनु पर्नेछ ।

**११. भुक्तानी प्रकृयाः** (१) आयोजनाको भुक्तानी दिंदा उपभोक्ता समितिको नाममा रहेको बैक खातामार्फत दिनु पर्नेछ । उपभोक्ता समितिले एक व्यक्ति वा सस्थालाई एकलाख भन्दा माथिको रकम भुक्तानी गर्दा चेक मार्फत मात्र गर्नु पर्नेछ ।

(२) उपभोक्ता समितिलाई सम्झौता बमोजिमको कामको प्राविधिक मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजातको आधारमा किस्तागत र अन्तिम भुक्तानी दिईनेछ ।

(३) उपभोक्ता समितिले सम्पादन गरेको काम र भएको खर्चको विवरण समितिको बैठकबाट निर्णय गरी भुक्तानीको लागि आवश्यक कागजात सहित  कार्यालयमा पेश गर्नुपर्नेछ ।

(४) आयोजनाको अन्तिम भुक्तानी हुनु भन्दा अगावै कार्यालयबाट अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(५) आयोजना सम्पन्न भई फरफारक गर्नु भन्दा अगावै उपभोक्ता समितिले अनिवार्य रुपमा कार्यालयको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गर्नु पर्नेछ । सार्वजनिक परीक्षण प्रतिवेदनको ढाँचा अनुसूची ३ बमोजिम हुनेछ ।

(६) उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नु पर्नेछ ।

(७) आयोजनाको कुल लागत रु ३ लाख भन्दा बढी भएका आयोजनाहरुको हकमा उपभोक्ता समितिले काम शुरु गर्नु भन्दा अगावै आयोजनाको नाम, लागत, लागत साझेदारीको अवस्था, काम शुरु र सम्पन्न गर्नु पर्ने अवधि समेत देखिने गरी तयार गरिएको अनुसूची ५ बमोजिमको ढाँचामा आयोजना सूचना पाटी आयोजना स्थलमा राख्नु पर्नेछ

(८) उपभोक्ता समितिलाई सम्बन्धित कार्यालयले ड्रइङ्ग, डिजाइन, लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास गर्ने लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनेछ । आयोजना कार्यान्वयनको समयमा कुनै कारणबाट कार्यालयले प्राविधिक सेवा उपलब्ध गराउन नसकेमा सम्झौतामा उल्लेख गरी तोकिएको खर्चको सीमा भित्र रही उपभोक्ता समितिले करारमा प्राविधिक नियुक्त गर्न वा प्राविधिक सेवा लिन सक्नेछ । तर, ड्रइङ्ग, डिजाइन, लागत अनुमान, कार्यसम्पन्न प्रतिवेदन र भुक्तानी सिफारिसको कार्य कार्यालयबाट नै हुनेछ ।

(९) उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरूको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेवारी जनप्रतिनिधि, सम्बन्धित प्राविधिक कर्मचारी, उपभोक्ता समिति र अनुगमन समितिको हुनेछ ।

(१०) अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति, प्राविधिक कर्मचारी र सम्बन्धित कर्मचारीलाई सभाको निर्णय बमोजिम वार्षिक रूपमा उचित पुरस्कार प्रदान गर्न सकिनेछ ।

(११) तोकिएको समयमा उपभोक्ता समिति गठन हुन नसकेमा, सम्झौता हुन नसकेमा वा सम्झौताको शर्त बमोजिम कार्य सम्पादन हुन नसकेमा कार्यालयले अन्य प्रकृयाद्वारा काम गराउन सक्नेछ ।

**१२. निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्नु पर्नेः** उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना गुणस्तर सुनिश्चित गर्नु सम्वन्धित उपभोक्ता समितिको कर्तव्य हुनेछ । गुणस्तर सुनिश्चितता गर्नको लागि अन्य कुराहरुको अतिरिक्त निम्न विषयहरु पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

(क) निर्माण सामाग्रीको गुणस्तरः निर्माण सामाग्री ड्रइङ, डिजाईन र स्पेसिफिकेसन बमोजिमको गुणस्तर कायम गर्नु पर्नेछ ।

(ख) निर्माण विधि र प्रकृयाको गुणस्तरः निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम गर्नु पर्नेछ

(ग) निर्माण कार्यको दिगोपनाः उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको दिगोपनाको लागि सम्वन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(घ) गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारीः उपभोक्ता समिति मार्फत हुने कामको निर्धारित गुणस्तर कायम गर्ने जिम्मेवारी सम्बन्धित कार्यको लागि कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुनेछ ।

(ङ) लगत राख्नु पर्नेः उपभोक्ता समितिबाट हुने कामको सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा सम्पन्न हुन नसकेमा सम्वन्धित प्राविधिक कर्मचारीलाई सचेत गराउने र प्रकृति हेरी आवश्यकता अनुसार कारवाही गर्न सक्नेछ । त्यस्ता उपभोक्ता समितिको लगत राखी उपभोक्ता

समितिका पदाधिकारीलाई निश्चित समयसम्मको लागि अन्य उपभोक्ता समितिमा रही काम गर्न निषेध गर्नेछ ।

**१३. अनुगमन समितिको व्यवस्थाः** (१) आयोजना तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन उपभोक्ता समितिले सम्पादन गर्ने कार्यको अनुगमन गरी आयोजनाको गुणस्तर, परिमाण सुनिश्चित गर्न दफा ४ (१) (क) बमोजिमको भेलाबाट कम्तिमा एक जना महिला सहित ३ सदस्यीय एक अनुगमन समिति गठन गर्नु पर्नेछ ।

*(१)(क) गाउँपालिकाभित्र सञ्चालन हुने ४ लाख भन्दा बढी लागत अनुमान भएको र पालिकास्तरीय योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गर्न गाउँपालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन हुनेछ। गाउँपालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति प्रतिवेदनको ढाँचा अनुसूची ६ बमोजिम हुनेछ।

(२)(ख) वडागत बजेट सिलिङबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गर्न वडा स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन हुनेछ। वडा स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति प्रतिवेदनको ढाँचा अनुसूची ७ बमोजिम हुनेछ।

(२) अनुगमन समितिको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः

(क) आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक

समन्वय गर्ने,

---

* पहिलो संशोधनद्वारा संशोधित

(ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकीन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने,
(ग) आवश्यक अन्य कार्य गर्ने ।

## परिच्छेद– ४
## विविध

**१४. अन्य संस्थाबाट कार्य गराउन सकिनेः** यस कार्यविधि बमोजिम उपभोक्ता समितिबाट गरिने कार्य लाभग्राही समूह, सामुदायिक संस्था जस्तै सामुदायिक वन, सामुदायिकस्तरका सहकारी संस्थाहरू, टोल विकास संस्था, आमा समूह, कृषि समूह, कानुन बमोजिम गठन भएका अन्य सामुदायिक संगठन जस्ता संस्थाहरुबाट स्थानीय उपभोक्ताहरुको
आमभेलाबाट निर्णय भई आएमा यस्ता संस्थाहरुबाट यस कार्यविधि बमोजिम कार्य संचालन गर्नरगराउन सकिने छ ।

**१५. सहजिकरण र सहयोग गर्नु पर्नेः** उपभोक्ता समितिले आयोजनाको सुपरिवेक्षण, अनुगमनरनिरीक्षण गर्न कार्यालयबाट आएको अनुगमन समिति, पदाधिकारी वा कर्मचारीलाई आवश्यक विवरण उपलव्ध गराउने तथा आयोजनास्थल अनुगमनको लागि सहजिकरण र सहयोग गर्नु पर्नेछ ।

**१६. उपभोक्ता समितिको दायित्वः** उपभोक्ता समितिले कार्यालयसँग भएको सम्झौता बमोजिमको कार्य सम्पादन गर्दा कार्यालयले तोकेका शर्तहरुको अतिरिक्त निम्न दायित्व वहन गर्नु पर्नेछ ।

(क) आयोजनाको दिगो व्यवस्थापनको लागि मर्मत सम्भार गर्ने सम्बन्धी आवश्यक कार्य,

(ख) आयोजना कार्यान्वयनबाट पर्न सक्ने वातावरणीय सन्तुलन कायम गर्ने सम्बन्धी कार्य,

(ग) अन्य आयोजनाहरुसँग अन्तरसम्बन्ध कायम गर्नुपर्ने,

(घ) असल नागरिकको आचरण पालना गर्नुपर्ने ।

(ङ) उपभोक्ता समितिले आयोजनाको फरफारकको लागि कार्यालयमा कागजात पेश गर्दा *अनुसूची ८ बमोजिमको ढाँचामा आयोजनाको भौतिक तथा वित्तिय प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**१७. मापदण्ड बनाउन सक्नेः** (१) आयोजनाको गुणस्तर सुनिश्चितताको लागि कार्यालयले अनुगमन, मुल्याङ्कन गरी सम्वन्धित उपभोक्ता समितिलाई सल्लाह, सुझाव र आवश्यकता अनुसार निर्देशन दिने तथा समन्वय गर्नु पर्नेछ ।

(२) उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको प्रकृति हेरी गुणस्तर सुनिश्चितता गर्ने प्रयोजनको लागि कार्यालयले थप मापदण्ड तथा मार्गदर्शन बनाई लागु गर्न सक्नेछ ।

१८. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि संघीय र प्रदेश कानुनसँग बाझिएको खण्डमा बाझिएको हद सम्म स्वत अमान्य हुनेछ ।

**अनुसूची १**

* पहिलो संशोधनद्वारा संशोधित

**(कार्यविधिको दफा ४ (१) ट संग सम्बन्धित) उपभोक्ता समितिको लगत**

**खिजीदेम्बा गाउँपालिका**

आ.व. क्र.स.

उपभोक्ता समितिको नाम र ठेगाना

पदाधिकारीको नाम र सम्पर्क नं.

गठन मिति

बैंकको नाम

खाता नं.

अध्यक्ष

उपाध्यक्ष

सचिव

कोषाध्यक्ष

## अनुसूची २

**कार्यविधिको दफा ७(२) सँग सम्वन्धित) खिजीदेम्बा गाउँपालिका**

**योजना सम्झौता फाराम**

१. *सम्झौता गर्ने पक्ष र आयोजनाः

| पहिलो पक्ष | दोश्रो पक्ष |
|---|---|
| खिजीदेम्वा गाउँ कार्यपालिकाको कार्यालय, खिजीफलाटे, ओखलढुंगा | |

क) उपभोक्तासमितिको विवरणः

१. नामः

२. ठेगानाः

ख) आयोजनाको विवरणः

१. नामः

२. आयोजना स्थलः

३ उद्देश्यः

४. आयोजना सुरु हुने मितिः

२. आयोजनाको लागत सम्वन्धि विवरणः

क) लागत अनुमान रु

ख) लागत व्यहोर्ने स्रोतहरु

१. कार्यालयः

२. उपभोक्ता समितिः

---

* पहिलो संशोधनद्वारा संशोधित

३. अन्यः

ग) बस्तुगत अनुदानको विवरण  सामाग्रीको नाम  एकाई

१. संघबाट

२. प्रदेशबाट

३. स्थानीय तहबाट

४. गैह्रसरकारी संघसंस्थाबाट

५. विदेशी दातृ संघ संस्थाबाट

६. उपभोक्ता समितिबाट

७. अन्य निकायबाट

घ) आयोजनाबाट लाभान्वित हुनेः

१. घरपरिवार संख्याः

२. जनसंख्याः

३. संगठित संस्थाः

४. अन्यः

३. उपभोक्ता समिति÷समुदायमा आधारित संस्था÷गैह्रसरकारी संस्थाको विवरणः

क) गठन भएको मितिः

ख) पदाधिकारीको नाम र ठेगाना (नागरिकता प्रमाणपत्र नं. र जिल्ला)

१. अध्यक्ष

२. उपाध्यक्ष

३. कोषाध्यक्ष

४. सचिव

५. सदस्य

६. सदस्य

७. सदस्य

ग) गठन गर्दा उपस्थित लाभान्वितको संख्याः

४. आयोजना सञ्चालन सम्वन्धि अनुभवः

५. उपभोक्ता समिति समुदायमा आधारित संस्था÷गैह्रसरकारी संस्थाले प्राप्त गर्ने किस्ता विवरणः

किस्ताको क्रम मिति किस्ताको रकम निर्माण समाग्री परिमाण कैफियत

पहिलो दोश्रो तेश्रो

जम्मा

६. आयोजना मर्मत संभार सम्बन्धी व्यवस्था

क) आयोजना मर्मत संभारको जिम्मा लिने समिति÷संस्थाको नामः

ख) मर्मत सम्भारको सम्भावित स्रोत (छ छैन खुलाउने) जनश्रमदानः सेवा शुल्कः दस्तुर, चन्दाबाट अन्य केही भएः

**सम्झौताका शर्तहरु**

**उपभोक्ता समितिको जिम्मेवारी तथा पालना गरिने शर्तहरुः**

१. आयोजना मिति ................................देखि शुरु गरी मिति........................सम्ममा पुरा गर्नु पर्नेछ ।

२. प्राप्त रकम तथा निर्माण सामाग्री सम्वन्धित आयोजनाको उद्धेश्यका लागि मात्र प्रयोग गर्नुपर्नेछ ।

३. नगदी, जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण राख्नु पर्नेछ ।

४. आम्दानी खर्चको विवरण र कार्यप्रगतिको जानकारी उपभोक्ता समूहमा छलफल गरी अर्को किस्ता माग गर्नु पर्नेछ ।

५. आयोजनाको कुल लागत भन्दा घटी लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविकनै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिनु पर्नेछ ।

६. उपभोक्ता समितिले प्राविधिकको राय, परामर्श एवं निर्देशन अनुरुप काम गर्नु पर्नेछ ।

७. उपभोक्ता समितिले आयोजनासंग सम्वन्धित विल, भरपाईहरु, डोर हाजिरी फारामहरु, जिन्सी नगदी खाताहरु, समिति÷समुहको निर्णय पुस्तिका आदि कागजातहरु कार्यालयले मागेको बखत उपलव्ध गराउनु पर्नेछ र त्यसको लेखापरीक्षण पनि गराउनु पर्नेछ ।

८. कुनै सामाग्री खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्वर र मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त व्यक्ति वा फर्म संस्था वा कम्पनीबाट खरिद गरी सोही अनुसारको विल भरपाई आधिकारीक व्यक्तिबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

९. मूल्य अभिबृद्धि कर (ख्बत्) लाग्ने बस्तु तथा सेवा खरिद गर्दा रु २०,०००।— भन्दा बढी मूल्यको सामाग्रीमा अनिवार्य रुपमा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीबाट खरिद गर्नु पर्नेछ । साथै उक्त विलमा उल्लिखित मु.अ.कर बाहेकको रकममा १.५५ अग्रीम आयकर बापत करकट्टि गरी बाँकी रकम मात्र सम्वन्धित सेवा प्रदायकलाई भुक्तानी हुनेछ । रु २०,०००।— भन्दा कम मूल्यको सामाग्री खरिदमा पान नम्वर लिएको व्यक्ति वा फर्मबाट

खरिद गर्नु पर्नेछ । अन्यथा खरिद गर्ने पदाधिकारी स्वयम् जिम्मेवार हुनेछ ।

१०. डोजर रोलर लगायतका मेशिनरी सामान भाडामा लिएको एवम् घर बहालमा लिई विल भरपाई पेश भएको अवस्थामा १०५ प्रतिशत घर भाडा कर एबम् बहाल कर तिर्नु पर्नेछ ।

११. प्रशिक्षकले पाउने पारिश्रमिक एवम् सहभागीले पाउने भत्तामा प्रचलित नियमानुसार कर लाग्नेछ ।

१२. निर्माण कार्यको हकमा शुरु लागत अनुमानका कुनै आईटमहरुमा परिर्वतन हुने भएमा अधिकार प्राप्त व्यक्ति÷कार्यालयबाट लागत अनुमान संसोधन गरे पश्चात मात्र कार्य गराउनु पर्नेछ । यसरी लागत अुनमान संशोधन नगरी कार्य गरेमा उपभोक्ता समिति÷समुहनै जिम्मेवार हुनेछ ।

१३. उपभोक्ता समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत संभार समिति गठन भएको भए सो समितिलाई र सो नभए सम्वन्धित कार्यालयलाई बुझाउनु पर्नेछ । तर मर्मत समितिलाई बुझाएको सामानको विवरण एक प्रति सम्वन्धित कार्यालयलाई जानकारीको लागि बुझाउनु पर्नेछ ।

१४. सम्झौता बमोजिम आयोजना सम्पन्न भएपछि अन्तिम भुक्तानीको लागि कार्यसम्पन्न प्रतिवेदन, नापी किताव, प्रमाणित विल भरपाई, योजनाको फोटो, सम्वन्धित उपभोक्ता समितिले आयोजना संचालन गर्दा भएको आय व्ययको अनुमोदन सहितको निर्णय, उपभोक्ता भेलाबाट भएको सार्वजनिक लेखा परीक्षणको निर्णयको प्रतिलिपी तथा सम्वन्धित कार्यालयको वडा कार्यालयको सिफारिस सहित अन्तिम किस्ता भुक्तानीको लागि निवेदन पेश गर्नु पर्नेछ ।

१५. आयोजना सम्पन्न भएपछि कार्यालयबाट जाँचपास गरी फरफारकको प्रमाणपत्र लिनु पर्नेछ । साथै आयोजानाको आवश्यक मर्मत संभारको व्यवस्था सम्वन्धित उपभोक्ताहरुले नै गर्नु पर्नेछ ।

१६. आयोजना कार्यान्वयन गर्ने समुह वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तीय प्रगती प्रतिवेदन अनुसूची ६ को ढाँचामा सम्झौतामा तोकिए बमोजिम कार्यालयमा पेश गर्नु पर्नेछ ।

१७.आयोजनाको दीगो सञ्चालन तथा मर्मत संभारको व्यवस्था गर्नु पर्नेछ ।

१८.आयोजनाको सवै काम उपभोक्ता समिति÷समुहको निर्णय अनुसार गर्नु गराउनु पर्नेछ ।

**कार्यालयको जिम्मेवारी तथा पालना गरिने शर्तहरुः**

१. आयोजनाको वजेट, उपभोक्ता समितिको काम, कर्तव्य तथा अधिकार, खरिद, लेखाङ्कन, प्रतिवेदन आदि विषयमा उपभोक्ता
समितिका पदाधिकारीहरुलाई अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

२. आयोजनामा आवश्यक प्राविधिक सहयोग कार्यालयबाट उपलव्ध गराउन सकिने अवस्थामा गराईनेछ र नसकिने अवस्था भएमा उपभोक्ता समितिले बाह्य बजारबाट सेवा परामर्श अन्तर्गत सेवा लिन सक्नेछ ।

३. आयोजनाको प्राविधिक सुपरिवेक्षणका लागि कार्यालयको तर्फबाट प्राविधिक खटाईनेछ । उपभोक्ता समितिबाट भएको कामको नियमित सुपरिवेक्षण गर्ने जिम्मेवारी निज प्राविधिकको हुनेछ ।

४. पेश्की लिएर लामो समयसम्म आयोजना संचालन नगर्ने उपभोक्ता समितिलाई कार्यालयले नियम अनुसार कारवाही गर्नेछ ।

५. श्रममुलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सोही बमोजिम सम्झौता गरी मेशिनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाईएमा त्यस्तो उपभोक्ता समितिसंग सम्झौता रद्ध गरी उपभोक्ता समितिलाई भुक्तानी गरिएको रकम मुल्यांकन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

६. आयोजना सम्पन्न भएपछि कार्यालयबाट जाँच पास गरी फरफारक गर्नु पर्नेछ ।

७. आवश्यक कागजात संलग्न गरी भुक्तानी उपलव्ध गराउन सम्वन्धित उपभोक्ता समितिबाट अनुरोध भई आएपछि उपभोक्ता समितिको बैंक खातामा भुक्तानी दिनु पर्नेछ ।

८. यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानून वमोजिम हुनेछ।

माथि उल्लेख भए बमोजिमका शर्तहरु पालना गर्न हामी निम्न पक्षहरु मन्जुर गर्दछौं ।

| | |
|---|---|
| उपभोक्ता समिति÷समुहको तर्फबाट | कार्यालयको तर्फबाट |
| दस्तखत.................. | दस्तखत............ |
| नाम थर.................... | नाम थर............ |
| पद............................ | पद................ |
| ठेगाना.......................... | ठेगाना................. |
| सम्पर्क नं...................... | सम्पर्क नं.............. |
| मिति............................ | मिति.................... |

## अनुसूची ३
## (कार्यविधिको दफा ११ (५) सँग सम्वन्धित)

सार्वजनिक परीक्षण फारामको ढाँचा पेश गरेको कार्यालय..........

१. आयोजनाको नामः

क) स्थलः ख) लागत अनुमानः

ग) आयोजना शुरू हुने मितिः

घ) आयोजना सम्पन्न हुने मितिः

२. उपभोक्ता समिति÷सामुदायिक संस्थाको क) नामः

क) अध्यक्षको नामः   ख) सदस्य संख्याः

महिलाः   पुरूषः

**३. आम्दानी खर्चको विवरणः**

क) आम्दानीतर्फ जम्माः आम्दानीको श्रोत (कहाँबाट कति नगद तथा जिन्सी प्राप्त भयो खुलाउने) रकम वा परिमाण कैफियत रकम वा परिमाण कैफियत

**ख) खर्चतर्फ**

खर्चको विवरण

दर

परिमाण

जम्मा

१. सामाग्री (के के सामाग्री खरिद भयो ?)
२. ज्याला (के मा कति भुक्तानी भयो ?)
३. श्रमदान (कति जनाले श्रमदान गरे ?)
४. व्यवस्थापन खर्च (ढुवानी तथा अन्य खर्च)

| ग) माज्दात विवरणै | रकम वा परिमाण | कैफियत |
|---|---|---|
| १ नगद | | |
| बैंक | | |
| व्यक्तिको जिम्मा | | |
| २ सामग्रीहरु | | |

घ) भुक्तानी दिन बाँकी

| विवरण | रकम वा परिमाण |
|---|---|

४. सम्पन्न आयोजनाको लक्ष्य तथा प्रगति विवरण

कामको विवरण

लक्ष्य गति

५. आयोजनाले पुऱ्याएको लाभ तथा प्रत्यक्ष रूपमा लाभान्वित जनसंख्या आयोजना सञ्चालन भएको स्थानका उपभोक्ताहरू) ।

६. आयोजना सञ्चालन गर्दा आयोजक संस्थामा कामको जिम्मेवारी बाँडफाँड (कस कसले कस्तो कस्तो कामको जिम्मेवारी लिएका थिए ? खुलाउने)

उपस्थितिः १
२
३
४

५

रोहवरः

नामथरः पदः

मितिः

द्रष्टव्यः सार्वजनिक परिक्षण कार्यक्रममा उपस्थित सरोकारवालाहरुको उपस्थिति अनिवार्य रूपमा संलग्न हुनुपर्नेछ ।

## अनुसूची ४
## (कार्यविधिको दफा ११ (६) सँग सम्वन्धित)

खर्च सार्वजनिक सूचना फाराम                    मितिः २० ।  ।

१. आयोजनाको नाम :—

२. आयोजना स्थल :— ३. विनियोजित वजेट :—

४. आयोजना स्विकृत भएको आ.व :—

५. आयोजना सम्झौता भएको मिति :—

६. काम सम्पन्न गर्नु पर्ने मिति :—

७. काम सम्पन्न भएको मिति :—

८. उ.स. को बैठकले खर्च स्वीकृत गरेको मितिः‘

आम्दानी र खर्चको विवरण आम्दानी खर्च विवरण रकम रू विवरण रकम

| | | |
|---|---|---|
| प्रथम किस्ता | ज्याला | |
| दोश्रो किस्ता | निर्माण सामाग्री खरिद | |
| तेश्रो किस्ता | ढुवानी जनश्रमदान | भाडा |
| वस्तुगत सहायता | व्यवस्थापन खर्च | |
| लागत सहभागिता | | |

उपर्युक्तानुसारको आम्दानी तथा खर्च विवरण यथार्थ हो । यसमा सबै आम्दानी तथा खर्चहरु समावेश गरिएको छ । साथै उपभोक्ताहरुको प्रत्यक्ष सहभागितामा आयोजना कार्यान्वयन गरिएको छ । यसको एक प्रति वडा कार्यालयमा समेत पेश गरिएको छ ।

| | | |
|---|---|---|
| ...................... | ..................... | ......................... |
| | अध्यक्ष | कोषाध्यक्ष |
| सचिव | | |

## अनुसूची ५

## (कार्यविधिको दफा ११(७) संग सम्वन्धित) आयोजना सूचना पाटीको नमूना

१. आयोजनाको नामः

२. आयोजना संचालन गर्ने कार्यालयरकार्यक्रमको नामः

३. उपभोक्ता समितिको अध्यक्षको नाम र सम्पर्क नं.:

४. आयोजनाको कुल लागत रकम रुः

४.१. आयोजनामा कार्यालयबाट व्यहोर्ने लागत रुः

४.२. जनसहभागिताबाट व्यहोर्ने लागत रकम रुः

४.३. आयोजनामा लगानी गर्ने अन्य निकायको नाम र व्यहोर्ने लागत रकम रुः

५. आयोजना सम्झौता मितिः

६. आयोजना सम्पन्न गर्ने मितिः

७. आयोजनाबाट लाभान्वित जनसंख्याः

## *अनुसूची- ६

* पहिलो संशोधनद्वारा संशोधित

(कार्यविधिको दफा १३(१)(क)संग सम्वन्धित)

**योजनाको निर्माण कार्य सम्पन्न भएपछि गरिने अन्तिम अनुगमनको क्रममा प्रयोग गरिने अनुगमनको ढाँचा**

**खिजीदेम्वा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय,**

**खिजीफलाटे, ओखलढुंगा ।**

गाउँपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिको अनुगमन प्रतिवेदन

खिजीदेम्वा गाउँपालिकाको गाउँसभा/गाउँकार्यपालिकाले पारित गरेको तपशिल बमोजिमको योजना संचालन पश्चात योजनाको फरफारक पुर्व गाउँपालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिले योजना अनुगमन गरी पेश गरेको अनुगमन प्रतिवेदन।

अनुगमन गरेको मितिः

१. योजनाको नामः

२. योजना निर्माणस्थल ठेगानाः वडा नं.         स्थानः

३. योजना निर्माण शुरु भएको मितिः

४. योजना सम्पन्न भएको मितिः

५. कुल सम्झौता रकम रु. योजना सम्झौता मिति.

६. भौतिक प्रगतिः प्रतिशत

७. योजना कार्यान्वयन तोकिएको गुणस्तर, लागत, परिमाण र समय अनुरुपः (क) भएको  (ख) नभएको ।

८. योजना कार्यान्वयनमा गरिएका सम्झौताका शर्तको पालना :

(क) भएको

(ख) नभएको ।

९. उपभोक्ताहरुको लागत सहभागिताको अवस्थाः

(क) भएको

(ख) नभएको।

१०. डिजाइन वा लागतमा परिवर्तन भएको भए सोको औचित्य र स्वीकृतिको अवस्थाः

११. योजनाबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्थाः (क) भएको (ख) नभएको ।

१२. योजनाको समग्र उपलब्धिको अवस्था र दीगोपनाः

१३. सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गरे/नगरेकोः

(क) गरेको

(ख) नगरेको।

१४. उपभोक्ता समिति अन्तर्गत रहेको स्थानीय अनुगमन समितिको निर्णय तथा सुझावः

(क).

(ख).

१५. कार्यान्वयन गर्ने निकाय (उ.स./संघ-संस्था/निर्माण व्यवसायी) को आधिकारिक प्रतिनिधिको धारणा र प्रतिबद्धता.

कार्यान्वयन गर्ने निकाय (उ.स./संघ-संस्था/निर्माण व्यवसायी को नाम, सम्पर्क व्यक्तिको नाम र सम्पर्क नम्बरः

१६. लाभग्राही समुदाय/स्थानीय उपभोक्ता/नागरिकहरु, नागरिक समाज, राजनैतिक दलका प्रतिनिधिको सरोकारको विषय, धारणा वा प्रतिकृयाः

१७. अघिल्लो अनुगमनको क्रममा दिइएका सुझावको कार्यान्वयनको अवस्थाः भएको/नभएको।

१८. संलग्न वडा/पालिका प्राविधिकको धारणा र प्रतिबद्धताः

१९. अनुगमन समितिको निष्कर्ष र सिफारिसः

*हामी समितिका पदाधिकारी योजना स्थलमा गई माथि उल्लेखित सम्पूर्ण पक्षहरुमा जाँचबुझ र मूल्याङ्कन गर्दा एवम् सम्बन्धित सरोकारवाला नागरिकहरुसँग बुझ्दा समितिले राखेका अभिलेखहरुको अध्ययन गर्दा हामी यस निष्कर्षमा पुगेका छौं कि समितिले सम्झौता गरेको कार्य तोकिएको समयमा तोकिएको गुणस्तर, लागत र परिमाणमा सम्पन्न गरेको देखिन्छ। तसर्थ खिजीदेम्वा गाउँपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ बमोजिम यो समितिको प्रतिवेदन हामी तपशिलका पदाधिकारीहरुले अन्तिम भुक्तानीको लागि सिफारिस गर्ने निर्णय गर्दछौं।

गाउँपालिका स्तरीय अनुगमन समितिका पदाधिकारीहरु:

| क्र.सं | नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | गाउँपालिकाको उपाध्यक्ष | संयोजक | | |
| २. | प्र.प्र.अ. | सदस्य | | |
| ३. | सम्बन्धित वडा अध्यक्ष | सदस्य | | |
| ४. | का.पा. सदस्य | सदस्य | | |

* पहिलो संशोधनद्वारा संशोधित

| | | | | |
|---|---|---|---|---|
| ५. | इन्जिनियर | सदस्य | | |
| ६. | प्र.प्र.अ. ले तोकेको सम्बन्धित फिल्ड हेर्ने स.इ./अ.स.ई. | सदस्य | | |
| ७. | योजना शाखा प्रमुख | सदस्य सचिव | | |
| ८. | | आमन्त्रित सदस्य | | |
| ९. | | | | |
| १०. | | | | |
| ११. | | | | |

ईति सम्वत् ................ साल ............ महिना ......... रोज ...... शुभम्।

*अनुसूची- ७

**(कार्यविधिको दफा १३(१)(ख)संग सम्वन्धित)**

योजनाको निर्माण कार्य सम्पन्न भएपछि गरिने अन्तिम अनुगमनको क्रममा प्रयोग गरिने अनुगमनको ढाँचा

खिजीदेम्वा गाउँपालिका

* पहिलो संशोधनद्वारा संशोधित

……... नं वडा कार्यालय,

………. ।

वडा स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिको अनुगमन प्रतिवेदन

खिजीदेम्वा गाउँपालिकाको गाउँसभा/गाउँकार्यपालिकाले पारित गरेको तपशिल बमोजिमको योजना संचालन पश्चात योजनाको फरफारक पुर्व वडा स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिले योजना अनुगमन गरी पेश गरेको अनुगमन प्रतिवेदन।

अनुगमन गरेको मितिः

१. योजनाको नामः

२. योजना निर्माणस्थल ठेगानाः वडा नं. स्थानः

३. योजना निर्माण शुरु भएको मितिः

४. योजना सम्पन्न भएको मितिः

५. कुल सम्झौता रकम रु. योजना सम्झौता मिति.

६. भौतिक प्रगतिः प्रतिशत

७. योजना कार्यान्वयन तोकिएको गुणस्तर, लागत, परिमाण र समय अनुरुपः (क) भएको (ख) नभएको।

८. योजना कार्यान्वयनमा गरिएका सम्झौताका शर्तको पालना :

(क) भएको

(ख) नभएको।

९. उपभोक्ताहरुको लागत सहभागिताको अवस्थाः

(क) भएको

(ख) नभएको ।

१०. डिजाइन वा लागतमा परिवर्तन भएको भए सोको औचित्य र स्वीकृतिको अवस्थाः

११. योजनाबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्थाः

(क) भएको (ख) नभएको।

१२. योजनाको समग्र उपलब्धिको अवस्था र दीगोपनाः

१३. सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गरे/नगरेकोः (क) गरेको (ख) नगरेको।

१४. उपभोक्ता समिति अन्तर्गत रहेको स्थानीय अनुगमन समितिको निर्णय तथा सुझावः

(क)

(ख),

१५. कार्यान्वयन गर्ने निकाय (उ.स./संघ-संस्था/निर्माण व्यवसायी) को आधिकारिक प्रतिनिधिको धारणा र प्रतिबद्धता..................................................................

कार्यान्वयन गर्ने निकाय (उ.स./संघ-संस्था/निर्माण व्यवसायी को नाम, सम्पर्क व्यक्तिको नाम र सम्पर्क नम्बरः

१६. लाभग्राही समुदाय/स्थानीय उपभोक्ता/नागरिकहरु, नागरिक समाज, राजनैतिक दलका प्रतिनिधिको सरोकारको विषय, धारणा वा प्रतिकृयाः..............................................................

१७. अघिल्लो अनुगमनको क्रममा दिइएका सुझावको कार्यान्वयनको अवस्थाः भएको/नभएको।

१८. संलग्न वडा/पालिका प्राविधिकको धारणा र प्रतिवद्धताः

१९. अनुगमन समितिको निष्कर्ष र सिफारिसः

निर्देशनः हामी समितिका पदाधिकारी योजना स्थलमा गई माथि उल्लेखित सम्पूर्ण पक्षहरुमा जाँचबुझ र मूल्याङ्कन गर्दा एवम् सम्बन्धित सरोकारवाला नागरिकहरुसँग बुझ्दा समितिले राखेका अभिलेखहरुको अध्ययन गर्दा हामी यस निष्कर्षमा पुगेका छौं कि समितिले सम्झौता गरेको कार्य तोकिएको समयमा तोकिएको गुणस्तर, लागत र परिमाणमा सम्पन्न गरेको देखिन्छ। तसर्थ खिजीदेम्वा गाउँपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ बमोजिम यो समितिको प्रतिवेदन हामी तपशिलका पदाधिकारीहरुले अन्तिम भुक्तानीको लागि सिफारिस गर्ने निर्णय गर्दछौं।

वडा स्तरीय अनुगमन समितिका पदाधिकारीहरुः

| क्र.सं | नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | वडा अध्यक्ष | संयोजक | | |
| २. | कार्यपालिका सदस्य वा वडा सदस्य | सदस्य | | |
| ३. | वडा अध्यक्षले तोकेको दलित वडा सदस्य वा महिला सदस्य | सदस्य | | |
| ४. | प्र.प्र.अ. ले तोकेको सम्बन्धित फिल्ड हेर्ने स.इ./अ.स.ई. | सदस्य | | |
| ५. | सम्बन्धित वडाको सचिव | सदस्य सचिव | | |
| ६. | | अन्य आमन्त्रित | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |

ईति सम्वत् ................ साल ........... महिना ......... रोज ......
शुभम्।

***अनुसूची ८**

**(कार्यविधिको दफा १६(ङ) सँग सम्वन्धित) उपभोक्ता समितिको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन**

विवरण पेश गरेको कार्यालय...................

१. आयोजनाको विवरण

आयोजनाको नामः

वडा नं.ः टोल÷बस्तीः

उपभोक्ता समितिका अध्यक्षः

सचिवः

* पहिलो संशोधनद्वारा संशोधित

२. आयोजनाको लागतः प्राप्त अनुदान रकम रू. ......................चन्दा रकम रू...................... जनसहभागिता रकम रू. ..................... जम्मा रकम रू. ............................. ३. हालसम्मको खर्च रू. .............. क. कार्यालयबाट प्राप्त रकम रू.............

१. निर्माण सामग्रीमा (सिमेन्ट, छड, काठ, ढुंगा वा फुवा, गिट्टी, उपकरण आदि) रू. .

२. ज्यालाः— दक्ष रूः— अदक्ष रू. जम्मा रू. ३. मसलन्द सामान (कपि, कलम, मसी, कागज आदि) रू.

४. दैनिक भ्रमण भत्ता (सम्झौतामा स्वीकृत भए) रू.

५. प्राविधिक निरीक्षण बापत खर्च (सम्झौतामा स्वीकृत भए) रू.

६. अन्य

ख. जनसहभागिताबाट व्यहोरिएको खर्च रूः ...................

श्रमको मूल्य बराबर रकम रू. .......................

जिन्सी सामान मूल्य बराबर रकम रू. ............. कूल जम्मा रू. .............

४. प्राविधिक प्रतिवेदन बमोजिम मूल्यांकन रकम रू. .............

५. उपभोक्ता समूहको निर्णय बमोजिम÷समीक्षाबाट खर्च देखिएको रू. .............

६. कार्यान्वयनमा देखिएका मुख्य समस्याहरूः क. ख. ग.

७. समाधानका उपायहरू क. ख. ग.

८. कार्यालयबाट र अन्य निकायबाट अनुगमन भए अनुगमनको सुझावः

९. हाल माग गरेको किस्ता रकम रू.

**१०. मुख्य खर्च प्रयोजन**

११. प्राप्त रकम आयोजना बाहेक अन्य कार्यमा खर्च गर्ने गराउने छैनौ
।

| ................... | ...................... | ......................... |
|---|---|---|
| सचिव | कोषाध्यक्ष | अध्यक्ष |

आज्ञाले

नबिना गिरी

प्रमुख प्रशासकीय अधिकृत